स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सू.नं. :

स्थानीय सरकार हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी सूचना।

(मितिः २०८१/०९/०४)

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (२) तथा दफा ३० को उपदफा (१) बमोजिम योग्यता पुगेका र सोही ऐनको दफा ३३ बमोजिमको सूचीमा नरहेका/नपरेका यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको तहवृद्धि गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ। ऐनको प्रावधान बमोजिम योग्यता पुगेका कर्मचारीहरुले तह वृद्धि आवेदन फारम भरी आवश्यक कागजातहरुसहित मिति २०८१/०९/१८ गतेभित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश हुन आएका र तोकिए बमोजिम कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

........ २०८१.०९.०४

(रामशरण मरहट्टा)

नि. प्रमुख प्रशासकीय अधिकृत

<u>आवश्यक कागजातहरुः-</u>

(क) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि।

(ख) शुरु नियुक्ति पत्रको प्रतिलिपि।

(ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(घ) हालको पदमा समायोजन भएको पत्र/हालको पदमा बढुवा/तह वृद्धि भएको पत्रको प्रतिलिपि।

(ङ) पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम।

(च) तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको खुल्ने कागजातहरु।

(***पुनश्चः*** तह वृद्धि फाराम गाउँपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।)